# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ८, संख्याः ३, श्रावण २३ गते, २०८१ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगर एच.आई.भी./एड्स सहयोग कार्यविधि, २०८१

कार्यपालिकाबाट पारित मिति : २०८१।३।७

**प्रस्तावना :** नेपालको राष्ट्रिय एच.आई.भी. रणनीतिक योजना २०२१ - २०२६ अनुसार सन् २०१० को तुलनामा एच.आई.भी.को नयाँ संक्रमणलाई ९० प्रतिशतले घटाउने, आमाबाट बच्चामा एच.आई.भी. संक्रमणको निवारण गर्ने र एच.आई.भी. संकमित प्रति हुने लान्छना र भेदभावलाई शुन्य बनाउने लक्ष्यका साथ जनस्वास्थ्यको चुनौतिका रूपमा रहेको एड्स इपिडेमिकलाई २०३० सम्ममा अन्त्य गर्ने परिकल्पना गरेको छ । यसका लागि एच.आई.भी. संक्रमणको अवस्थालाई ९५ प्रतिशत सुनिश्चित गर्नु पर्ने, एच.आई.भी. संक्रमण पुष्टि भएका ९५ प्रतिशत व्यक्तिहरुलाई शिघ्र उपचारमा लैजाने र उपचारमा रहेका संक्रमित व्यक्तिहरुको उपचारको गुणस्तरता कायम गरी ९५ प्रतिशत व्यक्तिहरुको भाइरल लोड सप्रेसन गर्ने द्रुत कार्यनीति लिएर सोही अनुसार विभिन्न तहका सरकारले आ-आफ्ना कृयाकलापहरुलाई प्राथमिकतामा राख्नुपर्ने मार्गदर्शन गरेको छ । सोही अनुरुप व्यास नगरपालिका क्षेत्रभित्र रहेका एच.आइ.भी.को उच्च जोखिम समुदायका लागि रोकथाम कार्यक्रम र एच.आई.भी. संक्रमितहरुको सहयोग, हेरचाह, पोषण, शैक्षिक सहयोग एवं उपचारमा टेवा पुऱ्याउन, एच.आई.भी. संक्रमितहरुको मानव अधिकार र स्वास्थ्य अधिकारको सुनिश्चितता गर्न, शैक्षिक निरन्तरताका लागि अभिभावकत्व प्रदान गर्न, गुणस्तरीय जीवन र संक्रमित व्यक्तिको आत्मसम्मान तथा आत्मवल उच्च राख्दै जिम्मेवार नागरिकको अनुभूति गराउने प्रतिवद्धताका साथ आन्तरिक श्रोत नगद अनुदान अर्न्तगत एच.आई.भी. कार्यक्रम सम्बन्धी कृयाकलापहरु सञ्चालन गर्न, बजेट विनियोजन गर्न तथा कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यास नगर एच.आई.भी./एड्स सहयोग कार्यविधि २०८१" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) "शाखा प्रमुख/उपशाखा प्रमुख" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालयका शाखा प्रमुख/उपशाखा प्रमुख सम्झनु पर्छ ।

(च) "उच्च जोखिम समुदाय" भन्नाले सुईद्वारा लागू औषध प्रयोगकर्ता, यौनकर्मी, रोजगारका लागि विदेश जानेहरु, लैङ्गिक अल्पसंख्यक र जेल कैदी बन्दीहरु सम्झनु पर्छ ।

(छ) "कार्यविधि" भन्नाले व्यास नगर एच.आई.भी./एड्स सहयोग कार्यविधि २०८१ सम्झनु पर्छ ।

## परिच्छेद २
## उद्देश्य

३. **उद्देश्य** : (१) नगरपालिका क्षेत्रभित्रका एच.आई.भी. संक्रमित र प्रभावित समुदायको सहयोग र हेरचाहसँग सम्बन्धित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सहयोग गर्ने ।

(२) नगरपालिका क्षेत्र भित्रका एच.आई.भी. संक्रमित तथा प्रभावित बालबालिकाहरुलाई नेपालको संविधान २०७२ अनुसार विशेष प्रकृतिको बालबालिका अनुरुप पोषण, स्वास्थ्य र शैक्षिक सहयोग प्रदान गरी सामाजिक सुरक्षा व्यवस्थापन कायम गराउने ।

(३) एच.आई.भी. संक्रमित व्यक्तिहरुको उपचारमा सहयोग पुऱ्याउने ।

(४) संक्रमित र प्रभावित समुदायको क्षमता अभिवृद्धि गरी सेवा तथा अवसरमा पहुँच बृद्धि गरी लान्छना र भेदभावलाई निवारण गर्ने ।

(५) संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षा र रोजगारको लागि पहल गर्ने ।

(६) जिल्लामा भएका सरोकारवाला निकायहरू बिच समन्वय र सहकार्य सुदृढ गर्ने ।

(७) व्यास नगरपालिकामा रहेका उच्च जोखिम समुदायहरुको लागि रोकथाम कार्यक्रमद्वारा सहयोग पुऱ्याउने ।

४. **प्राथमिकतामा राखी समेटिने क्षेत्रहरु** : यस कार्यविधिले नगरपालिका भित्रका एच.आई.भी. संक्रमित तथा प्रभावित व्यक्तिहरुलाई देहाय बमोजिमको सहयोग उपलब्ध गराउनेछ :

(क) नगरपालिकाले संक्रमित, प्रभावित समुदाय र उच्च जोखिम समुदायको मानव अधिकार र स्वास्थ्य अधिकारलाई उच्च प्राथमिकता सहित योजना, बजेट विनियोजन र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने छ ।

(ख) नगरपालिका भित्र रहेका संक्रमित प्रभावित समुदाय र उच्च जोखिम समुदायका लागी सिपमूलक र आयमूलक तालिम सञ्चालन गर्नुको साथै व्यवसाय सुरुवातको लागि बिउ पूँजी उपलब्ध गराइने छ ।

(ग) प्रभावित समुदाय र उच्च जोखिम समुदायका बालबालिकालाई पोषण, स्वास्थ्य तथा शैक्षिक सहयोग गरिने छ ।

(घ) एच.आई.भी. संक्रमितहरुलाई एम्बुलेन्स तथा उपचारमा सहयोग पुऱ्याइने छ ।

(ङ) आवश्यकता अनुसार उच्च जोखिम समुदायका लागि पनि जनचेतनाका कार्यक्रम, तालिम, आयमूलक कार्यक्रम र बिउ पूँजी व्यवस्थापनमा सहयोग पुऱ्याइने छ ।

(च) संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षाको लागी नगरपालिकाले अन्य सम्भावित सरकारी तथा गैर सरकारी निकायहरूसँग समन्वय र सहकार्य गर्नेछ ।

(छ) विशेष परिस्थितिबाट सृजना भएको आवश्यकताको आधारमा कार्यक्रम निर्धारण गरिने छ ।

५. **कार्यक्रम सञ्चालन तथा व्यवस्थापन प्रकृया :** कार्यक्रम सञ्चालन तथा व्यवस्थापन प्रकृया देहाय बमोजिम रहेको छन् :

**(क) एच.आई.भी. संक्रमित बालबालिकालाई पोषण, शिक्षा र स्वास्थ्य सहयोग :** यस कृयाकलाप अन्तर्गत नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने १८ वर्ष मुनिका एच.आई.भी. संक्रमित र अति प्रभावित भनेर सिफारिस भई आएका बालबालिकालाई पोषण, शिक्षा र स्वास्थ्यमा सुधार ल्याउन कार्यसञ्चालन मार्गदर्शन बनाई मासिक रुपमा तोकिएको नगद अनुदान प्रदान गरिनेछ । यसरी बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्दा दफा ७ अनुसार गठित समन्वय समितिले अनुदानको नियमित सिफारिस, रुजु, प्रमाणीकरण, अनुगमन र समीक्षा सोही समितिले गर्नेछ ।

**(ख) एम्बुलेन्स भाडा, यातायात तथा उपचार सहयोग :** एच.आई.भी. संक्रमितलाई उपचारको क्रममा स्थानीय स्तरमा उपचार हुन नसकी अन्यत्र बाहिर लान अस्पतालले रिफर गर्दा वा अति आवश्यकीय अवस्थामा एम्बुलेन्स आवश्यक परेमा एम्बुलेन्स व्यवस्थापनको लागि बिल बमोजिमको एम्बुलेन्स भाडा उपलब्ध गराउन सक्नेछ र एम्बुलेन्स आवश्यक नपर्ने अवस्थामा उपचार केन्द्रसम्म आउन जान लाग्ने वास्तविक स्थानीय भाडा आवश्यकता हेरी भुक्तानी गर्न सक्नेछ । साथै स्वास्थ्य बिमा र अस्पतालले व्यहोर्ने उपचार व्यवस्थापन र ल्याव परीक्षण बाहेक अत्यावश्यक उपचार तथा ल्याव परीक्षण खर्चको व्यवस्थापन नगरपालिकाले गर्न सक्नेछ । यो सुविधा अन्तर्गतको व्यवस्थापन दफा ७ अनुसार गठित समन्वय समितिले गर्नेछ ।

**(ग) सिपमूलक र आयमूलक तालिम :** नगरपालिका भित्र रहेका संक्रमित प्रभावित समुदाय र उच्च जोखिम समुदायकाहरूको लागी सिपमूलक र आयमूलक तालिमको लागि नगरपालिकाले आवश्यकता पहिचान गरी उचित बजेटको व्यवस्थापन गर्न सक्नेछ र तालिम पश्चात् आयमूलक व्यवसाय शुरुवातको लागि बिउँपूँजीको व्यवस्थापन गर्न सक्नेछ । यो सुविधा अर्न्तगतको व्यवस्थापन दफा ७ अनुसार गठित समन्वय समितिले गर्नेछ ।

**(घ) संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षा कार्यक्रम :** संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षाको लागी व्यास नगरपालिकाले अन्य सम्बन्धित सरकारी तथा निजी कलेजहरूसँग समन्वय र सहकार्य गरी आवश्यक छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ । यो सुविधा अन्तर्गतको व्यवस्थापन दफा ७ अनुसार गठित समन्वय समितिले गर्नेछ ।

**(ङ) एच.आई.भी. संक्रमितहरुको लागि पोषण सहयोग :** नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने एच.आई.भी. संक्रमितहरुलाई उनीहरुको गुणस्तर उपचारमा सहयोगार्थ पोषणको आवश्यकता हुने भएकोले लगत तयार गरी नगरपालिकाले पोषण खाद्य सामग्री उपलब्ध

गराउन सक्नेछ । यो सुविधा अन्तर्गतको व्यवस्थापन दफा ७ अनुसार गठित समन्वय समितिले गर्नेछ ।

६. **नगद अनुदान निकासा प्रकृया** : (१) एच.आई.भी. संक्रमित व्यक्तिले नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिमको नगद भुक्तानी माग गर्दा निवेदनको साथमा देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ :

(क) नगरपालिकाको स्थायी बासिन्दा भएको प्रमाण पत्र ।

(ख) एच.आई.भी. संक्रमित भएको प्रमाण पत्र खुल्ने प्रमाण पत्र ।

(ग) १८ वर्ष उमेर ननाघेको प्रमाण ।

७. **समन्वय समिति** : (१) एच.आई.भी. कार्यक्रमको क्षेत्रमा तोकिएका प्राथमिकताहरुको व्यवस्थापन, समन्वय र प्रभावकारी कार्यान्वयनमा सहजीकरण एवं समन्वय गर्न देहाय बमोजिमको नगरपालिका स्तरको नगर एड्स समन्वय समिति (MUNICIPAL AIDS Coordination Committee(MACC) क्रियाशील हुनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ग) शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख - सदस्य

(घ) प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा प्रमुख - सदस्य

(ख) महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक उपशाखा प्रमुख - सदस्य

(ङ) एच.आई.भी./एड्सका क्षेत्रमा क्रियाशील नेटवर्क प्रमुख/प्रतिनिधि - सदस्य

(च) एच.आई.भी./एड्सको क्षेत्रमा कार्यरत स्थानीय संघ संस्थाका प्रमुख/प्रतिनिधि - सदस्य बढिमा ३ जना

(छ) स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख - सदस्य सचिव

(२) समन्वय समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

(३) समन्वय समितिको बैठक प्रत्येक ३ महिनामा एक पटक बस्नेछ र आवश्यकता अनुसार संयोजकको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउन सक्नेछ ।

८. **कार्यविधिको व्याख्या** : यो कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

९. **समन्वय र सहकार्य सुदृढ गर्ने** : यस कार्यविधि अर्न्तगतको नगर एड्स समन्वय समितिले जिल्लामा रहेका सरोकारवालाहरूसँग नियमित समन्वय र सहकार्य मार्फत मापदण्डले समेटेका कार्यक्रमहरू सञ्चालन गर्न गराउन पहल गर्नेछ ।

१०. **संशोधन सम्बन्धी व्यवस्था** : मुलुकको आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी कार्यपालिकाले प्रचलित कानुनसँग नबाझिने गरी यस कार्यविधिमा जिल्लामा रहेका सरोकारवाला निकायहरूसँगको समन्वयमा आवश्यकता अनुसार थपघट तथा हेरफेर गर्न सक्नेछ ।

आज्ञाले
काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत